# १३० औं कार्यपालिका बैठकका निर्णयहरू:

मिति : २०७९/०४/३० गते

**निर्णय नं. १:** १२९ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयन अवस्थाको समिक्षा गरियो।

**निर्णय नं. २:** वडा नं. ११ वसन्त सामुदायिक वनको अतिक्रमण प्रभावित जमिन पहिचान गरी नापि शाखा मार्फत नक्साङ्कन गर्ने र उक्त क्षेत्रमा नगरपालिकाको भोगाधिकार रहने गरि **"चन्दन वन उद्यान"**को रुपमा संरक्षण गर्न संघ तथा प्रदेश सरकारका वन मन्त्रालयलाई अनुरोध गर्ने ।

**निर्णय नं. ३:** नेपाल पर्यटन बोर्ड जिविकोपार्जन पुनरुत्थानका लागि दीगो पर्यटन परियोजना संग साझेदारी गरि तपसिलका योजनाहरू संचालन गर्ने।

**तपसिल:**

| सि. नं. | प्रस्तावित कार्यक्रम/ स्थान | अनुमानीत लागत | पालिकाको सह लगानी | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं. ८ मणीकाधाम स्थलमा फोहोरमैला व्यबस्थापन | १० लाख | ५ लाख | |
| २ | वडा नं. ८ वतासे झरना पर्यटकीय मार्ग धारापानी खोलामा काठे पुल निर्माण | ८ लाख | ४ लाख | |
| ३ | वडा नं. ११ रामजानकी मन्दीरमा फोहोरमैला व्यबस्थापन | १० लाख | ५ लाख | |

**निर्णय नं. ४:** १२९ औं कार्यपालिका बैठकको निर्णय नं. ४ बमोजिम वडा कार्यालयहरूबाट प्राप्त सडकहरूको संसोधित नामावली नगर सभावाट अनुमोदन हुने गरी स्वीकृत गर्ने ।

**निर्णय नं. ५:** शुक्लाफाँटा नगरपालिका स्थानीय विषयको पाठ्यक्रम निर्माण समितिले पेश गरेको कक्षा ४ र ७ को स्थानीय विषयको पाठ्यक्रम आवश्यक छलफल सहित स्वीकृत गर्ने।

**निर्णय नं. ६:** नेपाल सरकारले यस नगरपालिकालाई प्रदान गर्दै आएको शिक्षण सिकाई अनुदानको रकम गत आर्थिक बर्षको भन्दा घटी आएको हुदा, अपुग हुने रकम मागकालागि शिक्षा विकास तथा समन्वय इकाई मार्फत शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा पत्राचार गर्ने ।

**निर्णय नं. ७:** शुक्लाफाँटा नगरपालिका वडा नं. ७ स्थायी बसोवास भई हाल दोगडाकेदार गाउपालिका, बैतडीमा कार्यरत शिक्षा अधिकृत छैटौं सुरेस प्रसाद भट्ट (कर्मचारी संकेत नं. २३९३१४) लाई यस कार्यालयमा सरुवा भई आउन सहमती दिने।

**निर्णय नं. ८:** शिक्षा तथा मानव श्रोत विकास केन्द्रको मिति २०७९/०४/१३ गतेको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना बमोजिम यस नगरपालिका अन्तरगतका विद्यालयबाट प्राप्त प्रस्तावहरू मध्ये तपसिल बमोजिमका प्रस्तावहरु प्राथमिकता क्रम अनुसार शिक्षा विकास तथा समन्वय इकाई मार्फत शिक्षा तथा मानव श्रोत विकास केन्द्रलाई सिफारिस गर्ने ।

तपसिल:

| सि. नं. | विद्यालयको नाम | प्रस्तावित कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १ | जनजागृति मा. वि. गणेशपुर | विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम (४ कोठे भवन) | |
| २ | शिवशंकर मा. वि. गर्जमुनी | विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम (२ कोठे भवन) | |
| ३ | बैजनाथ आ. वि. पारिफाँटा (१-८) | विद्यालय भौतिक पूर्वाधार बिकास कार्यक्रम (४ कोठे भवन) | |
| ४ | सरस्वती मा. वि. अमरपुर | विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम (४ कोठे भवन) | |
| ५ | जनचेतना आ. वि. गणेशपुर | विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम (२ कोठे भवन) | |
| ६ | बैजनाथ आ. वि. लक्ष्मीपुर(१-८) | विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम (२ कोठे भवन) | |
| ७ | कृष्ण मा. वि. सिमलफाँटा | ICT ल्याव व्यबस्थापन तथा विद्यालयमा Digital Library व्यबस्थापन | |
| ८ | सिद्धभिम आ. वि. कलुवापुर (१-८) | ICT ल्याव व्यबस्थापन तथा विद्यालयमा Digital Library व्यबस्थापन | |
| ९ | राष्ट्रिय मा. वि. पिपलाडी | ICT ल्याव व्यबस्थापन तथा विद्यालयमा Digital Library व्यबस्थापन | |
| १० | दिपनगर आ. वि. दिपनगर (१-८) | ICT ल्याव व्यबस्थापन तथा विद्यालयमा Digital Library व्यबस्थापन | |
| ११ | सिद्धनाथ मा. वि. वेलडाडी | ICT ल्याव व्यबस्थापन तथा विद्यालयमा Digital Library व्यबस्थापन | |

| | | | |
|---|---|---|---|
| १२ | बैजनाथ आ. वि. लक्ष्मीपुर (१-८) | ICT ल्याव व्यबस्थापन तथा विद्यालयमा Digital Library व्यबस्थापन | |
| १३ | धर्मजनता मा. वि. स्टेशनपुर | नयाँ प्राविधिक धारका विद्यालय स्थापना | |
| १४ | सिद्धनाथ मा. वि. वेलडाडी | नयाँ प्राविधिक धारका विद्यालय स्थापना | |

**निर्णय नं. ९:** सुत्केरी महिलालाई निशुल्क एम्बुलेन्स सेवा सम्बन्धि निर्देशिका २०७९ स्वीकृत गर्ने ।

**निर्णय नं. १०:** पर्यटन प्रबर्द्धनका लागि शुक्लाफाँटा राष्ट्रिय निकुन्ज अन्तरगत यस नगरपालिकाको मध्यवर्ती क्षेत्रबाट पर्यटकहरूलाई निकुञ्ज प्रवेश हुने गरि पूर्वी द्वार संचालनका लागि संबन्धित निकायलाई लेखि पठाउने ।

**निर्णय नं. ११:** शुक्लाफाँटा नगरपालिका अन्तरगत साल्ट ट्रेडिङ कार्यालय स्थापनाका लागि सम्बन्धित निकायलाई लेखि पठाउने ।

**निर्णय नं. १२:** यस शुक्लाफाँटा नगरपालिकाको विद्युत भोल्टेज लाईनको स्तरोन्ती गर्न आवश्यक रहेकोले सम्बन्धित निकायलाई लेखि पठाउने ।

**निर्णय नं. १३:** यस नगरपालिकामा दरवन्दी भन्दा बढी समायोजन मिलान भई आएका तपसिलका कर्मचारीहरूको तलब भत्ता निकासी नहुने भनी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट परिपत्र भएकाले दरबन्दी भन्दा बढी कर्मचारीहरूको तलब भत्ता भुक्तानी गर्न नसकिने देखिएकोले निजहरूको व्यबस्थापनका लागि स्वास्थ्य तथा जनशङ्ख्या मन्त्रालयलाई लेखि पठाउने।

**तपसिलः**

| सि. नं. | नाम थर | पद | श्रेणी/तह | कैफियत |
|---|---|---|---|---|
| १ | पार्वती जोशी | सि.अ.न.मि. | पाँचौ | |
| २ | रमेशराज भण्डारी | सि.अ.हे.व.अ. | छैटौं | |
| ३ | गंगा वस्नेत | सि.अ.न.मि. | पाँचौ | |
| ४ | यशोदा ऐर महरा | अ.न.मि. | चौथो | |
| ५ | मदन साउद | सि.अ.हे.व. | पाँचौ | |
| ६ | मनु लेखक | अ.न.मि. | चौथो | |
| ७ | हेमा चन्द | अ.न.मि. | चौथो | |
| ८ | पारवती साउद | सि.अ.न.मि. | पाँचौ | |